दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २२५ | बुटवल | २०८३ भदौ १० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday August 26, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौ,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौ.
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं.
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि वनौं ।

**कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।**

नेपाल सरकार विज्ञापन बोर्ड

## नापी सर्भेक्षकविरुद्ध गैरकानूनी सम्पत्ति मुद्दा दायर

बुटवल । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कार्यरत सर्भेक्षक विन्देश्वर शाह सुडीविरुद्ध गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले सुडीले ३ करोड ७१ लाख ८४ हजार ५ सय ५१ रुपैयाँ ८० पैसा बराबरको अवैध सम्पत्ति आर्जन गरेको ठहर गर्दै मंगलबार मुद्दा दायर गरेको हो ।

अख्तियारको अनुसन्धानअनुसार सुडीले अमिन पदमा अस्थायी नियुक्ति लिएको २०४२ साल बैशाख १६ देखि २०८१ जेठ मसान्तसम्मको अवधिमा कुल ६ करोड ३ लाख ८५ हजार ३० रुपैयाँ १५ पैसा वैधानिक रूपमा आय गरेको देखिएको छ । तर, सोही अवधिमा उनको खर्च र विभिन्न क्षेत्रमा गरिएको लगानी भने ९ करोड ७५ लाख ६९ हजार ५ सय ८१ रुपैयाँ ९५ पैसा देखिएको छ ।

आफ्नो वैधानिक आयभन्दा ३ करोड ७१ लाख ८४ हजार ५ सय ५१ रुपैयाँ ८० पैसा बढी खर्च गरेको र सो रकमको स्रोत खुलाउन नसकेपछि अख्तियारले उनलाई भ्रष्टाचारको मुद्दा चलाएको हो ।

अवैध रूपमा आर्जन गरिएको सम्पत्ति सुडीले आफ्नी श्रीमती सुमित्रादेवी शाहको नाममा समेत राखेको पाइएकाले उनलाई पनि प्रतिवादी बनाइएको छ । श्रीमती सुमित्राको नाममा रहेका घर, जग्गा तथा अन्य सम्पत्ति जफत गर्ने प्रयोजनका लागि उनलाई प्रतिवादी कायम गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन् । सुडी २०४६ वैशाख १६ गते सरकारी सेवामा अमिन पदबाट अस्थायी नियुक्ति लिई प्रवेश गरेका थिए। लामो समय सार्वजनिक सेवामा रहँदा उनले पदीय मर्यादा विपरीत कार्य गरी अस्वाभाविक रूपमा सम्पत्ति जोडेको उजुरी परेपछि अख्तियारले छानबिन थालेको थियो । जसपाले सांसदहरूलाई ३ वटा प्रश्नको जवाफ स्पष्टीकरण पत्रमा दिन भनेको छ ।

## देउवाको रिटको पेसी भदौ ११ मा




बुटवल । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले दिएको पूरक निवेदन सर्वोच्च अदालतमा दर्ता भएको छ ।

कांग्रेसको १५औं महाधिवेशन रोक्न माग गर्दै देउवा र खड्काले सोमबार रिट दिएका थिए । उनीहरूले दिएको रिट मंगलबार दर्ता भएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए । दुवै जनाले दिएको पूरक निवेदनमाथि भदौ ११ मा पेसी तोकिएको छ ।

विशेष महाधिवेशनबाट चुनिएको गगन थापा नेतृत्वको कार्य समितिले १५औँ महाधिवेशनको तालिका सार्वजनिक गरिसकेको छ । देउवा र खड्काले महाधिवेशनका सम्पूर्ण प्रक्रिया रोक्न माग गरेका छन् । कांग्रेसको आधिकारिकताको विवाद सर्वोच्च अदालतमै रहेकाले त्यसको छिनोफानो नभएसम्म महाधिवेशन रोक्नु पर्ने दुवैको माग छ। त्यस्तै, यसअघिको फैसला पुनरावलोकनसँगै अहिले पेश गरेको निवेदन पनि हेर्न माग गरिएको छ ।

निर्वाचन आयोगले विशेष महाधिवेशनबाट चुनिएको थापा नेतृत्वको कार्यसमितिलाई वैधानिकता दिएको थियो । त्यसविरुद्ध देउवा र खड्का सर्वोच्च गएका थिए । सर्वोच्चले पनि निर्वाचन आयोगकै निर्णय सदर गरेको थियो ।

त्यसपछि उक्त आदेश पुनरावलोकन गर्न माग गर्दै देउवा र खड्काले निवेदन दिएका थिए । निवेदनमा प्रधानन्यायाधीश मनोजकुमार शर्मासहितको पूर्ण इजलासले निसा दिएपछि कांग्रेसको आधिकारिकता विवाद पुनः बल्झिएको हो ।

## सन्तोष पाण्डेसहित तीनजना कारबाहीमा पर्दै

बुटवल । जनता समाजवादी पार्टीले लुम्बिनी प्रदेशसभाका आफ्ना तीन सांसदलाई पुनः स्पष्टीकरण सोधेको छ ।

पार्टी महासचिव डा सुरेन्द्रकुमार झाले सांसदहरू सन्तोषकुमार पाण्डेय, हेमा बेल्वासे (केसी) र भण्डारीलाल अहिरलाई पुनः स्पष्टीकरण पेस गर्न भनेका हुन् ।

अहिलेको लुम्बिनी प्रदेश सरकारलाई समर्थन नगर्ने पार्टीको निर्णयविपरीत सरकारको पक्षमा मतदान गरी अनुशासन उल्लंघन गरेकोले सात दिनभित्र स्पष्टीकरण पेस गर्न पत्रमार्फत् भनिएको छ ।

यसअघि प्राप्त स्पष्टीकरण अध्ययन गर्दा पार्टीको नीति, निर्णय तथा निर्देशनको भावनासँग मेल नखाने तथा उठाइएका प्रश्नहरूको चित्तबुझ्दो र सन्तोषजनक जवाफ प्राप्त नभएको जसपाको ठहर छ ।

# ‘व्यवसायीको मनोबल ३६ वर्षयताकै कमजोर विन्दुमा’




**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले व्यवसायीको मनोबल पछिल्लो ३६ वर्षयताकै सबैभन्दा कमजोर बिन्दुमा पुगेको बताएका छन् । मंगलबार नाडा अटो शोमा बोल्दै अध्यक्ष श्रेष्ठले यस्तो गुनासो गरेका हुन् ।

कार्यक्रममा बोल्दै उनले भने-‘देशको अर्थतन्त्र एकदम चुनौतीपूर्ण घडीमा छ । निजी क्षेत्रले एउटै चुनौती भोगिरहेको छ, त्यो हो शिथिल बजार, कमजोर मानसिकता र चुनौतीपूर्ण व्यापार व्यवसाय । झन्डै ३६ वर्षको मेरो व्यावसायिक यात्रामा व्यवसायीहरूको यति कमजोर मनोबल कहिल्यै देखेको थिएनँ ।’

अहिले नयाँ सरकार आएको छ र अर्थतन्त्रलाई अगाडि बढाउँछु भनेर प्रतिबद्धताहरू व्यक्त गरेको छ । पाँचदेखि सात वर्षमा ३ हजार डलरको प्रतिव्यक्ति आय, १०० खर्बको अर्थतन्त्र र १२ लाखलाई रोजगारी दिने घोषणा बजेटमार्फत् गरेको छ । तर, ती कामहरू अगाडि बढाउन के कस्ता रणनीतिहरू कार्यान्वयन गरिरहेको छ त्यसबारे केही जानकारी नभएको उनले गुनासो गरे ।

सरकारले यसबारे स्पष्ट रणनीति लिएर अगाडि बढ्नु जरुरी रहेको उनले बताए । अहिले नेपालको अर्थतन्त्रलाई रिइञ्जिनियरिङ गर्नुपर्ने अवस्था देखिएको र त्यसतर्फ सबै एक भएर लाग्नुपर्ने अवस्था रहेको अध्यक्ष श्रेष्ठले बताए ।

उनका अनुसार अटो क्षेत्रकै मात्र कुरा गर्ने हो भने पनि गत आर्थिक वर्षमा नेपालमा १०६ अर्बको अटोमोवाइल क्षेत्रका सामानहरू आयात भएका छन् । सो आयातबाट ८१ अर्ब सरकारलाई राजस्व बुझाएको छ। करिब १८ खर्बको आयातमा झण्डै ९ प्रतिशतको राजस्व नेपालको अटो क्षेत्रले सरकारलाई बुझाएको देखिन्छ ।

‘हामीले केही समयअघि तत्कालीन अर्थमन्त्री डा.रामशरण महतलाई अटोमोवाइल क्षेत्रमा भन्सार दर बढी भएकोले घटाउन आग्रह गरेका थियौ । उहाँले तपाईँहरू नै उद्योग खोल्नोस् भन्नुभएको थियो, हामी केहीले उद्योगहरू पनि खोलेका थियौं । तर ती उद्योगहरू के कस्तो अवस्थामा छ भनेर सरकारले कहिल्यै ध्यान दिएन ।’- अध्यक्ष श्रेष्ठले भने ।

अहिलेको सरकारले २०/३० वर्षदेखि बन्द भएको सरकारी उद्योग सञ्चालन गर्ने, तर निजी क्षेत्रले सञ्चालन गरेको उद्योगबारे ध्यानै नदिएको उनको टिप्पणी छ । सरकारले निजी क्षेत्रले सञ्चालन गरेको उद्योगतिर पनि ध्यान दिनुपर्ने र उनीहरूको अवस्थाबारे पनि बुझ्न जरुरी रहेको उनले बताए ।

सरकारलाई ध्यानाकर्षण गराउँदै उनले थपे-‘भुइँको टिप्छु भन्दा पोल्टाको पनि झर्ला’ भन्ने बुढापाकाको उखानजस्तै होला ।’

## निजी क्षेत्रबाट हुने लगानी घट्दो

बुटवल । सरकारले व्यवसायीमाथि धरपकड बढाएसँगै निजी क्षेत्रबाट हुने लगानी घट्न थालेको छ । अर्थतन्त्रको ठूलो हिस्सा समेट्दै आएको निजीक्षेत्रमाथि सरकार निर्मम बन्दा लगानी संकुचित बन्न पुगेको हो । व्यवसायीमाथिको धरपकडका कारण वैदेशिक र आन्तरिक दुवै प्रकारका लगानीमा कमी आएको छ । उद्योग विभागका अनुसार वैदेशिक लगानी प्रतिबद्धता अघिल्लो आर्थिक वर्षको तुलनामा सात अर्बले घटेको छ ।

गत आवको सुरुवातमा राम्रो प्रतिबद्धता आए पनि जेनजी आन्दोलन र त्यसपछि बिथोलिएको राजनीतिक तथा आर्थिक क्षेत्रमा सोही अनुरूपको प्रतिबद्धता आउन सकेन । जेनजी आन्दोलन भएको महिना भदौदेखि चुनावबाट नयाँ सरकार बन्नु अघिका महिनासम्म ४० अर्बमात्रै लगानी आएको देखिन्छ ।

फागुनपछि खुम्चिएको लगानी प्रतिबद्धता नयाँ सरकार आएसँगै विस्तार हुने अपेक्षा गरिएको थियो । तर नयाँ सरकारले नीतिगत फेरबदलका नाममा व्यापार व्यवसायमा कडाइ गर्न थालेपछि लगानी अपेक्षाकृत वृद्धि हुनसकेन ।

यता व्यवसायीमाथि धरपकड बढ्दा आन्तरिक लगानी पनि खुम्चिएका छन् । यो अवधिमा ठुला आयोजनाहरू सुरु भएका छैनन् ।

उद्योग परिसंघ नेपालका अनुसार उद्योगीहरूले क्षमताको ६६.३२ प्रतिशतमात्रै उत्पादन गर्दै आएका छन् । संघले तयार पारेको ‘इन्डस्ट्री’ स्टाटस इन नेपाल’ले आ.व.२०८२/८३ को तेस्रो त्रैमाससम्म कुल क्षमताको ६६.६२ प्रतिशतमात्रै उपयोग भएको उल्लेख गरेको छ ।

सरकारको उद्देश्यलाई लिएर अन्यौल बनेका व्यवसायीले उत्पादन क्षमता सँगै लगानी विस्तारलाई पनि घटाएका हुन् ।

सरकारले कस्तो नीति लिने हो भन्ने आशंकाबिच लगानीलाई होल्डमा राखेको व्यवसायीको तर्क छ । उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले लगानी परिचालनको योजनामा रहेका व्यवसायीहरू पर्ख र हेरको अवस्थामा रहेको बताए ।

‘सरकारले कस्तो नीति लिने हो भन्नेमा अन्यौल कायमै छ, यो अवस्थामा व्यवसायी लगानीलाई लिएर पर्ख र हेर कै अवस्थामा छन्,’ उनले भने-‘सुशासन कायम गर्ने नाममा निजीक्षेत्र प्रति सरकार निर्मम बनेपछि व्यवसायीहरू लगानी विस्तारको जोखिम उठाउन नचाहेका हुन सक्छन् ।’ उद्योग विभागका अनुसार गत आर्थिक वर्षबाट खस्किन थालेको वैदेशिक लगानी चालु आ.वको पहिलो महिनामा सुधार हुन सकेको छैन ।

गत आ.वको साउनमा विभागमा २४ अर्ब प्रतिबद्धता स्वीकृत भएकोमा भदौ महिनामा ८ अर्ब बराबरको मात्रै लगानी प्रतिबद्धता स्वीकृत भएको थियो ।

» बाँकी ३ पेजमा

## लुम्बिनीका नवनियुक्त तीन मन्त्रीले लिए सपथ




बुटवल । लुम्बिनी प्रदेश सरकारमा नव नियुक्त तीनजना मन्त्रीले मंगलबार सपथ लिएका छन् । बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा मंगलबार दिउँसो प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगरले उनीहरुलाई सपथ गराएका हुन् । नेकपाबाट नयाँ नियुक्त भएका मन्त्रीहरुमा रोल्पाका दीपेन्द्रकुमार पुनलाई स्वास्थ्य मन्त्रालय, दाङका इन्द्रजीत थारूलाई आर्थिक मामिला तथा योजना मन्त्रालय र बर्दियाकी कृष्णा कुश्मा थारूलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

सपथ ग्रहण समारोहमा मुख्यमन्त्री चेतनारायण आचार्य,पुर्व मुख्यमन्त्री जोखबहादुर महरालगायत उपस्थित थिए ।

साउन १२ गते नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिंदै सरकारबाट बाहिरिएपछि नेकपा एमाले र नेकपाबिच सत्ता सहकार्य प्रकृया अघि बढेको थियो ।

मन्त्रीपरिषद्का अन्य सदस्यमा तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालय, रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालय, सन्तोषकुमार पाण्डेयलाई शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय तथा भण्डारीलाल अहिरलाई आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको जिम्मेवारी दिने सिफारिस गरिएको छ ।

यसअघि स्वास्थ्य मन्त्रालयको जिम्मेवारीमा रहेका रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा रहेका तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालयको जिम्मेवारी तोकिएको छ । त्यस्तै, सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका सन्तोषकुमार पाण्डेयलाई शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिने प्रस्ताव गरिएको छ ।

वर्तमान सरकारमा नेकपा एमालेबाट मुख्यमन्त्रीसहित चार जना, नेपाली कम्युनिष्ट पार्टी नेकपाबाट तीन जना र जनता समाजवादी पार्टी, नेपालबाट दुई जना मन्त्री रहने गरी भएको सहमतिअनुसार मन्त्रीपरिषद् पुनर्गठन गरिएको हो ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

**खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरुका लागि सूचना**

मिति १९ श्रावण २०८१ देखि लागू गरिएको खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ । अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय
बेलहिया, रूपन्देही, नेपाल
फोन: ०७१-५७५०४८ इमेल: fieqeo. belhiya@gmail.com

दैनिक लुम्बिनी

## सम्पादकीय

# पीडितलाई पीडा होइन, न्याय पाउनुपर्छ

बारामा तीन वर्षीया बालिकामाथि भएको बलात्कार र हत्यापछि सरकार, मन्त्री, र सामाजिक सञ्जाल प्रयोगकर्ता नै जिम्मेवारीबाट चुकेका छन् । उनीहरुबाट पीडितको गोपनीयता गम्भीर रूपमा उल्लंघन भएको छ । कानुनले पीडितको नाम, तस्विर, परिवार र पहिचान खुल्ने कुनै पनि विवरण सार्वजनिक गर्न रोक लगाए पनि जिम्मेवार बन्नुपर्ने गैरजिम्मेवार बन्दा उनीहरुको भूमिकामाथि प्रश्न उठेको छ ।

मृतक पीडित र उनका परिवारको मर्यादा तथा भविष्यको मानसिक सुरक्षाका लागि गोपनीयता संरक्षण अनिवार्य हुन्छ । त्यसैका लागि कानुन निर्माण भएको छ, कार्यान्वयन गर्न जोड दिइन्छ । तर जसले कानुन कार्यान्वयनको पहलकदमी लिनुपर्ने हो, उनीहरुबाटै उल्लंघन भएपछि प्रश्न उठ्नु स्वभाविकै हो । कानुन कार्यान्वयन गर्नेहरु नै उल्लंघन गर्दा अरुलाई पनि उल्लंघनको बाटो खुलेको छ ।

नेपालको ‘अपराध पीडित संरक्षण ऐन-२०७५’ को दफा ६ ले गम्भीर प्रकृतिका अपराधको अनुसन्धान चलिरहँदा पीडितको गोपनीयता पूर्णरूपमा कायम गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । जबरजस्ती करणी, हाडनाता करणी, मानव बेचबिखन र यौन दुर्व्यवहार जस्ता घटनाको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितको गोपनीयता ख्याल गर्नुपर्ने कानुनी बाध्यता छ । सोही दफाको उपदफा २ मा भनिएको छ-‘यस्ता कसुरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रुपबाट प्रकट गर्न हुँदैन ।’ कानुनले गरेको यो व्यवस्थालाई गृहमन्त्री सुदन गुरूङसहित मन्त्रीहरुले उल्लंघन गरेका छन् । घटनाको छैटौं दिन सरकारले पीडित परिवारसँग सम्झौता गर्‍यो, तर यसबिचमा मृतक बालिकाको गोपनीयताबारे भने सरकार, सञ्चार माध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता र अधिकारकर्मीहरूले नै ख्याल राखेनन् । गृहमन्त्री सुधन गुरुङ, कानुनमन्त्री सोविता गौतम, भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुनिल लम्साल, महिला तथा बालबालिका मन्त्री सीता बादी र कृषि वन तथा वातावरण मन्त्री गीता चौधरीद्वारा हस्ताक्षरित उक्त आधिकारिक सम्झौतापत्रमै पीडित बालिका र उनको परिवारको नाम उल्लेख गरिएको छ । कानुन बनाउने र कार्यान्वयन गराउने जिम्मेवारी बोकेका पाँच-पाँच जना मन्त्रीले हस्ताक्षर गरेको दस्ताबेजमै कानुनी प्रावधानको उल्लंघन सामान्य होइन् । गोपनीयताको हकसम्बन्धी कानुन सरकारमा बसेकालाई नलाग्ने तर अरुलाई लाग्ने भन्ने हुँदैन । गृहमन्त्री सुधन गुरुङको सामाजिक सञ्जालमा पोस्टमा पीडित बालिकाको नाम र उमेर पटक-पटक उल्लेख गर्दै सम्झौता सार्वजनिक गरे । समाजमा लोकप्रिय र भाइरल बन्ने होड मन्त्रीहरुमा देखिनु परिपक्कताको अभाव हो ।

नेपालको संविधानको धारा २८ ले प्रत्येक नागरिकको गोपनीयताको हक सुनिश्चित गरेको छ भने धारा ३९ ले बालबालिकाको विशेष संरक्षणको हकको प्रत्याभूति गरेको छ । यसलाई थप प्रस्ट पार्दै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ११ (३) ले कसुरको आरोप लागेका वा कसूरबाट पीडित बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि वा पहिचान खुल्ने अन्य कुनै पनि विवरण गोप्य राख्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । नेपाल पक्ष राष्ट्र रहेको ’नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र’ (आइसीसीपीआर) को धारा १७ र संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको (सीआरसी) धारा १६ ले पनि बालबालिका र तिनका परिवारको गोपनीयता र मर्यादाको संरक्षण गर्ने सुनिश्चित गरेको छ । आम नागरिकले कानुन थाहा पाइन् वा जानिन भन्न पाइन्न, अझ सरकारका मन्त्रीहरुलाई त्यो छुट हुन्न ।

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को दफा ५(५)(२) र ५(४)(२) ले पीडितको पहिचान र गोपनीयताको संरक्षणलाई प्राथमिकता दिँदै परिचय खुल्ने तस्विर प्रकाशन वा प्रसारण गर्न नहुने स्पष्ट पारेको छ । यस्तो गम्भीर उल्लङ्घनमा प्रेस काउन्सिल नेपालले आचारसंहिताको दफा ७ बमोजिम सचेत गराउनेदेखि कालोसूचीमा राख्नेसम्मको कारबाही गर्न सक्ने कानुनी आधार छ । तर सञ्चारमाध्यम पनि यो विषयमा संवेदनशील देखिएनन् । यो घटना महत्वपूर्ण सिकाइ हो । जिम्मेवार बन्नका लागि महत्वपूर्ण अवसर हो । यो घटनामा भएका कमजोरी स्वीकार गरी आगामी दिनमा गल्ती नदोहोर्‍याउने प्रतिबद्धता गरौं । पीडितलाई पीडा होइन, न्याय पाउनुपर्छ ।

# सेयर बजारमा सामान्य गिरावट



काठमाडौँ । साताको दोस्रो कारोबार दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य गिरावट देखिएको छ । नेप्से परिसूचक ५.३० अंकले घटेर २५९४.२७ विन्दुमा पुगेर बन्द भएको छ ।

कारोबारमा अवधिभर दोहोरो अंकले तल रहे पनि अन्तिम समयमा बजार बढ्दा एकल अंकको गिरावट सीमित भएको हो ।

दिनभर कुल ३५७ वटा कम्पनीको १ करोड ४४ हजार खरिदबिक्री भए । यसबाट कुल ४ अर्ब १० करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

बजारमा ७८ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १८७ वटा कम्पनीको मूल्यमा गिरावट आएको छ । १२ वटा कम्पनीको मूल्य भने स्थिर रह्यो ।

सर्वोत्तम पेन्टस र क्रेष्ट माइक्रो लाइफको सेयर मूल्यमा करिब १५ प्रतिशतको उछाल आएको छ । यस्तै नाडेप लघुवित्त, एभरेष्ट कलर र कालिञ्चोक हाइड्रोपावर पनि सर्वाधिक कमाउनेको सूचीमा रहेका छन् । धवलागिरी लघुवित्तको मूल्य दोहोरो अंकको गिरावट सहित सर्वाधिक गुमाउने कम्पनी बनेको छ ।

समूहगत आधारमा विकास बैंक र निर्जीवन बिमा बाहेक सबै समूहका सूचक घटेका छन् । यद्यपि कुनै पनि समूहका एक प्रतिशतभन्दा कम मात्रै उतारचढाव देखिएको छ ।

कारोबार रकमका आधारमा माकर जितुमाया सुरी हाइड्रोपावर शीर्ष स्थानमा रह्यो । यस कम्पनीको ९० करोड ७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भयो । त्यसैगरी रिलायन्स स्पिनिङ मिल्सको १७ करोड ७१ लाख र सोलु हाइड्रोपावरको १३ करोड ७६ लाख रुपैयाँको कारोबार भएको छ ।

# गरिमाको हत्याले उठाएको प्रश्न



टेकेन्द्र जोशी



गरिमाको मृत्युले सोधिरहेको छ- हामीजस्ता कलिला बालिकालाई सुरक्षा दिन नसक्ने राज्यले आफूलाई कसरी सुरक्षित र सभ्य भन्न सक्छ ?

बाराको जितपुर-सिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया गरिमा चौधरी अब हामीबिच छैनन् । खेल्ने, हाँस्ने, बोल्ने, आमाबुबाको काखमा रमाउने र बिस्तारै संसार चिन्न सिक्ने त्यो कोपिला उमेरमै उनको जीवन बलात्कार र हत्यासँगै समाप्त भएको छ । उनीसँगै एउटा परिवारको सपना मरेको छ । आमाबुबाको काख रित्तिएको छ । एउटा घरको हाँसो सधैँका लागि हराएको छ । र, सबैभन्दा ठुलो कुरा हाम्रो समाजको विवेकमाथि गम्भीर प्रश्न तेर्सिएको छ । गरिमामाथि भएको यो क्रूर अपराधले यतिवेला सिंगो देशलाई स्तब्ध बनाएको छ ।

तर, दुःखसाथ भन्नुपर्छ, यस्तो स्तब्धता हाम्रा लागि नयाँ होइन । गरिमा चौधरीको बलात्कार हत्याकाण्ड सेलाउन नपाउँदै सप्तरीमा दुई वर्षीया बालिकाको हत्या र चितवनमा १६ वर्षीया बालिकाको बलात्कारपछि बलात्कारी फरार भएको घटना व्यापक चर्चामा छन् । केही समयअघि सुर्खेतको वीरेन्द्रनगरमा १६ वर्षीया इनिशा विकको जंगलमा बलात्कारपछि हत्या भएको घटना पनि हाम्रो आँखाअगाडि ताजै छ । १३ वर्षीया निर्मला पन्तको बलात्कार र हत्याले दिएको पीडा र न्यायको प्रतीक्षा अझै हाम्रो सामूहिक स्मृतिबाट मेटिएको छैन । घटना, पीडितका नाम र ठाउँ फेरिन्छन्, तर प्रश्न उही रहन्छ- हाम्रा बालबालिका र छोरीचेली कहाँ सुरक्षित छन् ? त्यसैले, गरिमाको मृत्युमा केही दिन आँसु बगाउने, सामाजिक सञ्जालमा आक्रोश पोख्ने, सडकमा नारा लगाउने, दोषी पक्राउ परेको समाचार आएपछि केही समय राहत महसुस गर्ने र त्यसपछि अर्को घटनाको प्रतीक्षा गर्ने हो भने हामीले थप गरिमालाई जोगाउन सक्दैनौँ । न त सही न्यायको प्रत्याभूत गराउनै सकिन्छ । यस्तोमा गरिमाको मृत्युले हामीलाई झनै धिक्कार्नेछ । किनभने, यो सामान्य नभई वर्षौंदेखि दोहोरिइरहेको अर्को एउटा हृदयविदारक घटना हो ।

प्रहरीको तथ्यांकअनुसार ०७६/७७ देखि ०८०/८१ सम्म पाँच वर्षमा जबर्जस्ती करणीका ११ हजार ९४९ घटना प्रहरीमा दर्ता भएका छन् । यही अवधिमा जबर्जस्ती करणी उद्योगका तीन हजार ५५ र बाल यौन दुर्व्यवहारका एक हजार ५३२ घटना दर्ता भएका छन् । अझ हृदयविदारक तथ्य के छ भने यही पाँच वर्षमा बलात्कारपछि हत्या भएका २५ घटना प्रहरीको अभिलेखमा छन् । गरिमा घटना केवल एक अपराधीबाट अन्जाम दिइएको घटना मात्र होइन, हाम्रो पितृसत्तात्मक सामाजिक चेतनाको बोझ पनि हो । जसले एउटा अबोध बालिकाको जीवन मात्र खोसिएको छैन, आजीवन एउटा परिवारको चिच्याहट पनि थपेको छ । जहाँ एउटी आमाको आँसु छ । एउटा बाबुको असह्य पीडा छ । एउटी बालिकाको भग्न बाल्यकाल छ । एउटी महिलाको अपमान छ । र, हाम्रो राज्य तथा समाजको असफलताको कथा छ ।

पाँच वर्षमा २५ जना बलात्कारपछि मारिनु भनेको औसतमा हरेक वर्ष पाँचजनाले यौनहिंसाबाट ज्यान गुमाउनु हो । पाँच वर्षमा झन्डै १२ हजार बलात्कारका घटना दर्ता हुनु भनेको औसतमा दैनिक ६ भन्दा बढी घटना प्रहरीसम्म पुगेको अवस्था हो । बाल यौन दुर्व्यवहारका एक हजार ५३२ घटना त झन् हाम्रो सामाजिक संरचनामाथि नै गम्भीर प्रश्न हुन् । यहाँ उल्लिखित तथ्यांक प्रहरीसम्म पुगेका घटना मात्र हुन् । समाजमा कति घटना दबाइए, कति परिवारले इज्जतका नाममा पीडा लुकाए, कति बालिकालाई चुप बस्न बाध्य पारियो र कति अपराधीको धम्की, प्रभाव वा प्रलोभनका कारण घटना बाहिर आएनन्, त्यसको तथ्यांक छैन । सामाजिक प्रतिष्ठाको डर, पारिवारिक दबाब, आर्थिक प्रलोभन, अपराधीको धाकधम्की र पीडितमाथि नै दोष थोपर्ने हाम्रो संस्कारका कारण धेरै घटना प्रहरीको ढोकासम्म पुग्दैनन् ।

त्यसैले, प्रहरीको तथ्यांक वास्तविक घटनाको अन्तिम संख्या होइन । यसलाई राज्यको अभिलेखमा पुगेको न्यूनतम तस्बिरका रूपमा बुझ्नुपर्छ । सबैभन्दा दुःखद, यौनहिंसाका घटना कुनै एउटा वर्षको समस्या होइन । आव ०७७/७८ मा मात्रै दुई हजार ५३२ जबर्जस्ती करणी, ७३५ जबर्जस्ती करणी उद्योग र २८१ बाल यौन दुर्व्यवहारका घटना दर्ता भएका थिए । आर्थिक वर्ष ०७८/७९ मा दुई हजार ३८० जबर्जस्ती करणी र ३१४ बाल यौन दुर्व्यवहारका घटना दर्ता भए । त्यो वर्ष मात्र बलात्कारपछि हत्या भएका घटना नौवटा पुगेका थिए । अब यहाँ प्रश्न उठ्छ- यति लामो समयदेखि एउटै प्रकृतिका अपराध दोहोरिइरहँदा राज्यको रोकथाम प्रणाली किन प्रभावकारी हुन सकेन ? जबकि हामीसँग कानुन, प्रहरी, अदालत, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रलगायत सबै छन् । स्थानीय सरकार छन् । बाल अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्था छन् । हरेक वर्ष लैंगिक हिंसाविरुद्ध अभियान चल्छन् । करोडौँ खर्च हुन्छ । भाषणमार्फत प्रतिबद्धता व्यक्त हुन्छन् । तैपनि, तीन वर्षीया गरिमा किन बचिनन् ? निर्मला पन्तले न्याय किन पाइनन् ? इनिशा विकजस्ता बालिकाले किन सुरक्षित जीवन बाँच्न पाएनन् ?

समस्या ऐनकानुनमा होइन, कानुनको सही कार्यान्वयनमा छ । समस्या अपराध भइसकेपछि मात्र देखिने र सुनिने राज्य संयन्त्रमा छ । समस्या अपराधको पूर्वरोकथाम गर्न नसक्नुमा छ । समस्या अनुसन्धान र न्याय प्रक्रियामाथिको अविश्वासमा छ । समस्या हाम्रो सामाजिक सोच, चिन्तन र दृष्टिमा पनि छ । किनभने, हरेक घटनामा अपरिचित व्यक्ति मात्र अपराधी छैनन्, आफ्नै चिनजानका व्यक्ति, आफन्त, छिमेकी वा विश्वास गरिएका व्यक्तिबाटै असुरक्षित छन्, बालबालिका । त्यसैले, बालसुरक्षालाई घरभित्र कैद गरेर हुँदैन । गाउँ र विद्यालयमा सुरक्षित हुनुपर्छ । खेल्ने मैदान र बाटोघाटोमा सुरक्षित हुनुपर्छ । र, सबैभन्दा धेरै आफ्नै समाज, घर र चिनजानका आफन्तमाझ सुरक्षित हुनुपर्छ । र, हरेक बालबालिकाले आफ्नो घरभित्रै आफूले भोगेको कुरा निर्धक्कसाथ भन्न सक्ने वातावरण हुनुपर्छ । पीडितलाई शंका गर्ने होइन, उसको कुरा सुन्ने र विश्वास गर्ने संस्कार विकास गर्नुपर्छ ।

अर्को महत्वपूर्ण पक्ष निष्पक्ष अनुसन्धान हो । यस्ता घटनामा अनुसन्धान वैज्ञानिक, निष्पक्ष र संवेदनशील हुनुपर्छ । घटनास्थलका प्रमाण सुरक्षित राखिनुपर्छ । फरेन्सिक परीक्षण प्रभावकारी हुनुपर्छ । डिजिटल प्रमाणको प्रयोग हुनुपर्छ । पीडित परिवारलाई मनोसामाजिक तथा कानुनी सहयोग दिनुपर्छ । बयान प्रक्रियामा पीडित पक्षलाई थप पीडा हुने अवस्था सिर्जना गर्नुहुँदैन । गरिमाको घटनामा पनि अनुसन्धान कुनै दबाब, पहुँच वा प्रभावबाट प्रभावित हुनुहुँदैन । दोषी जोसुकै होस्, उसको सामाजिक, राजनीतिक वा आर्थिक हैसियत जे भए पनि कानुनको कठघरामा उभ्याइनुपर्छ । किनकि, गरिमालाई न्याय दिनु भनेको केवल उनको हत्यारालाई मात्र सजाय दिनु होइन । अर्की गरिमालाई बचाउनु पनि हो । तर, हाम्रो विडम्बना यही हो, घटना भएपछि हामी आक्रोशित हुन्छौँ, केही दिन सडक तात्छ, सामाजिक सञ्जाल भरिन्छन्, राजनीतिक दलका विज्ञप्ति आउँछन्, सरकारबाट आश्वासन आउँछ । त्यसपछि बिस्तारै सबै सेलाउँछ । पुरानो पीडा ओझेलमा पर्छ । अनि अर्की गरिमा जन्मिन्छिन् र अर्को अपराधीले उनको बाल्यकाल खोस्छ । यो चक्र अब तोड्नैपर्छ ।

गरिमाको नाममा अब केवल श्रद्धाञ्जली होइन, शक्तिशाली सामूहिक राष्ट्रिय संकल्पको जरुरी छ । किनभने, घटना एकपटक होइन, पटक-पटक दोहरिएको छ । घटना फरक-फरक प्रकृतिको होइन, एउटै प्रकृतिको दोहरिएको छ । त्यसैले, तीनै तहका सरकार, समुदाय, अभिभावक र विभिन्न सामुदायिक संघसंस्था तथा प्रबुद्ध वर्ग मिलेर यो समस्याको सही पहिचान र सामूहिक निदानको खोजीमा लाग्नुपर्छ । किनभने, यो समस्या देशको ऐनकानुनले मात्रले समाधान गर्न सकिँदैन । न त तीन तहको सरकार, सामाजिक एकता, अभिभावक वा कुनै संघसंस्थाले नै एक्लै गर्न सक्छन् । यसमा सबैको साथ, सबैको हात एक ठाउँमा चाहिन्छ । किनभने, समस्या एक कारणले हुँदैन, समस्याका अनेक कारण हुन्छन् । त्यसैले, समस्याको समाधान पनि अनेक रूपबाट खोज्नुपर्छ ।

यसका लागि हरेक क्षेत्रले आफ्नो दायित्व निर्बाह गर्न सक्नुपर्छ । प्रत्येक स्थानीय तहले बालसुरक्षाको जोखिम पहिचान गर्नुपर्छ । जोखिमयुक्त क्षेत्रको नक्सांकन गर्नुपर्छ । विद्यालय, प्रहरी, स्थानीय सरकार र समुदायबिच तत्काल सूचना तथा सहयोगको संयन्त्र बनाउनुपर्छ । बाल यौनहिंसासम्बन्धी उजुरीमा तत्काल अनुसन्धान सुरु हुने व्यवस्था हुनुपर्छ । पीडित परिवारलाई राज्यले कानुनी, आर्थिक र मनोसामाजिक सहयोग सुनिश्चित गर्नुपर्छ । यसमा सबैभन्दा महत्वपूर्ण कुरा, बालबालिकालाई दयाको पात्र होइन, अधिकार भएको नागरिकका रूपमा हेर्नुपर्छ । किनभने, अब गरिमा, इशा र निर्मलाहरू फर्केर आउनेछैनन् । उनीहरूको भविष्य पितृसत्तात्मक सोचले ग्रसित आपराधिक प्रवृत्तिले खोसिसकेको छ । उनका आमाबुबाले जीवनभर बोक्नुपर्ने घाउ पाएका छन् । देश र समाजको एउटा कर्णधार बालिका गुमेकी छिन् । तर, यदि उनको मृत्युले पनि हामीलाई परिवर्तन गर्न सकेन भने त्यो मृत्यु केवल एउटा परिवारको त्रासदीमा सीमित रहनेछैन, त्यो हाम्रो सामूहिक असफलता र सामाजिक चेतनाको संकुचित दृश्य पनि साबित हुनेछ ।

किनभने, सामाजिक विकृतिकै कारण यदि तीन वर्षीया बालिका आफ्नै समाजमा सुरक्षित छैनन् भने हाम्रो विकास र कानुन अधुरा छन् । हाम्रो न्याय प्रणाली र शासन अधुरा छन् । हाम्रो सभ्यता नै प्रश्नको घेरामा छ भनेर बोध गर्न जरुरी छ । त्यसैले, गरिमाको न्याय अदालतको एउटा फैसलामा अपराधीलाई जेलभित्र कैद गरे मात्र पूरा हुँदैन । उनको वास्तविक न्याय त्यो दिन हुनेछ, जुन दिन नेपालका हरेक बालिका निर्बाध स्वतन्त्रतापूर्वक खेल्न, हिँड्डुल गर्न, विद्यालय जान र आफ्नो बाल्यकाल निर्धक्कसँग बाँच्न पाउनेछन् । र, अब कुनै आमाले आफ्ना चेलीछोरीलाई घरबाहिर पठाउँदा डराउन नपरोस् । कुनै बाबुले छोरी ढिलो घर फर्किंदा अनिष्टको कल्पना गर्न नपरोस् । कुनै बालिकाले आफ्नो पीडा लुकाएर बाँच्न नपरोस् । कुनै पीडितले न्यायका लागि वर्षौं अदालत धाउन नपरोस् ।

गरिमा अब बोल्न सक्दिनन् । उनको आवाज अब समाज र राज्यले बोल्नुपर्छ । गरिमा अब प्रश्न गर्न सक्दिनन् । उनको प्रश्न अब राज्यले सुन्नुपर्छ । हामीले बोल्नुपर्छ । किनभने, गरिमाको मृत्युले सोधिरहेको छ- हामीजस्ता कलिला बालिकालाई सुरक्षा दिन नसक्ने राज्यले आफूलाई कसरी सुरक्षित र सभ्य भन्न सक्छ ? एक सभ्य र सुदृढ राज्यको वास्तविक परीक्षा र मूल्यांकन उसले आफ्ना शक्तिशाली र सबल नागरिकलाई सुरक्षा दिन सक्यो कि सकेन भन्नेमा होइन, आफ्नो देशका सबैभन्दा कमजोर, असहाय र निहत्था नागरिकलाई सुरक्षित राख्न सक्यो भन्नेमा हुन्छ । अब जवाफ भाषणले होइन, राज्यको व्यवहारले दिनुपर्छ ।

गरिमाका लागि न्याय, सबै बालिकाका लागि सुरक्षा अब यो कुनै नारा मात्र होइन, राज्यको अनिवार्य दायित्व बन्नुपर्छ । किनभने, गरिमा केवल चौधरी परिवारकी छोरी थिइनन् । गरिमा हाम्रो पनि छोरी थिइन् । गरिमा यो समाजको पनि छोरी थिइन् । गरिमा यो राज्यकी पनि छोरी थिइन् । र त, उनको मृत्युले उठाएको प्रश्नको उत्तर अब हामी सबैले एकसाथ दिनैपर्छ । अनि मात्र गरिमाहरूको आत्माले न्याय पाउनेछ ।

नयाँ पत्रिकाबाट

# मिर्गौला बिग्रनु अगाडि नै कसरी थाहा पाउने ?



हाम्रो शरीरमा दुई वटा मिर्गौला हुन्छन् । मिर्गौलाको मुख्य काम रगत सफा गर्ने हो । हामीले खाएको खानेकुरा प्राचन प्रणालीमा गएपछि पाचन र मेटावोलिजम प्रक्रिया हुन्छ र दुषित पदार्थ जम्मा हुन्छ । खासगरि युरिया र क्रियाटिनिनलाई मिर्गौलाले फिल्टर गर्छ । शरीरमा भएको सबै रगत मिर्गौलाले नै फिल्टर गर्छ । ९८ प्रतिशत रगत शरीरले नै पुनः लिन्छ भने २ प्रतिशतलाई  पिसाबको रुपमा फाल्छ ।

मिर्गौला प्रत्यारोपण सर्जन डा. रविनबहादुर बस्नेतका अनुसार मिर्गौलामा समस्या भइसकेपछि रगतको कमी हुन थाल्छ । जसले गर्दा काम गर्न जाँगर नलाग्ने, थोरै हिँड्दा पनि थकाइ लाग्ने, स्वाँ-स्वाँ हुनेजस्ता लक्षण देखिन्छन् ।

युरिया र क्रियाटिनिनको मात्रा बढ्दै गएपछि खान मन नलाग्ने, वाकवाक लाग्ने, सास फेर्न गाह्रो हुने र सास फेर्दा पिसाबको गन्ध आउने लक्षण देखिन्छ ।

मिर्गौला बिग्रिनु अगाडि नै थाहा पाउने सबैभन्दा उत्तम र भरपर्दो उपाय नियमित रगत र पिसाबको परीक्षण गराउनु  हो । मिर्गौला बिग्रिन सुरु हुँदा शुरुवाती चरणमा कुनै पनि लक्षण देखिँदैनन् । मिर्गौलाले आफ्नो ७० देखि ९० प्रतिशतसम्म कार्यक्षमता गुमाएपछि मात्र शरीरमा लक्षणहरू देखा पर्न थाल्छन् ।

यदि तपाईं समयमै सजग हुन चाहनुहुन्छ भने निम्नलिखित जाँचहरू र प्रारम्भिक संकेतहरूमा ध्यान दिनुपर्छ

**अनिवार्य रूपमा गर्नुपर्ने स्वास्थ्य परीक्षणहरू**

यदि तपाईंलाई मधुमेह, उच्च रक्तचाप, वा परिवारमा कसैलाई मिर्गौलाको रोग छ भने वर्षमा कम्तीमा एक पटक यी परीक्षणहरू गराउन आवश्यक छ ।

**पिसाबको जाँच**

मिर्गौला खराब हुन थालेको सबैभन्दा पहिलो संकेत पिसाबबाट प्रोटिन वा एल्बुमिन लिक हुनु हो । यो जाँचबाट मिर्गौला बिग्रिनु अगाडि नै समस्या पत्ता लाग्छ ।

**रगतको जाँच**

रगतमा ‘क्रिएटिनिन’ को मात्रा बढेको छ भने यसले मिर्गौलाले फोहोर छान्न छाडेको संकेत गर्छ । यसैको आधारमा (मिर्गौलाको फिल्टर गर्ने क्षमता) निकालिन्छ ।

**भिडियो एक्सरे**

यसले मिर्गौलाको आकार, पत्थरी वा कुनै अवरोध भए नभएको देखाउँछ ।

**शरीरले दिने प्रारम्भिक चेतावनीका संकेतहरू**

मिर्गौलामा समस्या बढ्दै जाँदा शरीरमा यस्ता परिवर्तनहरू देखिन सक्छन्, जसलाई बेवास्ता गर्नु हुँदैन ।

**पिसाबमा परिवर्तन**

पिसाबमा धेरै फिज देखिनु (प्रोटिन बगेको संकेत), पिसाबको रङ गाढा हुनु वा रगत देखिनु, र रातिको समयमा धेरै पटक पिसाब लाग्नु ।

**शरीर सुन्निनु**

मिर्गौलाले पानी र नुन छान्न नसक्दा विशेषगरी बिहान उठ्दा आँखाको वरिपरि र बेलुकातिर गोडा, पैताला वा हत्केलाहरू सुन्निनु ।

**अत्यधिक थकान र कमजोरी**

रगतमा फोहोर जम्मा हुँदा र मिर्गौलाले पर्याप्त रातो रगत कोशिका बनाउन नसक्दा (एनिमिया भएर) कडा थकान र कन्सन्ट्रेट गर्न गाह्रो हुनु ।

**छाला सुक्खा हुनु र चिलाउनु**

रगतमा खनिज र पोषक तत्वहरूको सन्तुलन बिग्रँदा छाला एकदमै सुक्खा हुने र चिलाउने हुन्छ ।

**भोक नलाग्नु र वाकवाकी**

रगतमा युरिया जस्ता विषाक्त पदार्थ बढ्दा खान मन नलाग्ने, मुखको स्वाद बिग्रने (धातु जस्तो स्वाद) र वाकवाकी लाग्ने हुन्छ ।   स्वास्थ्य खबरबाट

# विद्युतीय गाडीको प्रयोगलाई बढावा दिऔं : उपराष्ट्रपति



बुटवल । उप-राष्ट्रपति रामसहायप्रसाद यादवले अटोमोबाइल क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड भएको बताएका छन् ।

मंगलबार अटोमोबाइल क्षेत्रले मेला 'नाडा अटो शो २०२६' को १८ औं संस्करणको उद्घाटन गर्दै उपराष्ट्रपति यादवले यस्तो बताएका हुन् ।

'नेपालको गतिशीलता, आधुनिकता र आर्थिक रूपान्तरणको एउटा सशक्त मार्गचित्र कोर्न नाडा सफल हुनेछ ।'- उनले भने ।

उनले जलविद्युत्को धनी देश नेपालले पेट्रोलियम पदार्थको आयत घटाएर विद्युतीय सवारीसाधनको प्रयोगलाई जोड दिनुपर्ने उल्लेख गरे ।

उपराष्ट्रपति यादवले नेपाल जलस्रोतमा धनी भएको र जलविद्युत् उत्पादनमा वृद्धि भइरहेको अवस्थामा इन्धन आयातमा अर्बौं रुपैयाँ बाहिरिने स्थितिको अन्त्य गर्न विद्युतीय सवारी नै उत्तम विकल्प भएको बताए । मुलुकमा उद्यमशीलता सिर्जना गर्न नाडा अटो शो मोबाइलले खेलेको भूमिकाको उच्च प्रशंसा गर्दै उनले नेपालमै अटोमोबाइल क्षेत्रको उत्पादन आवश्यक रहेको धारणा राखे ।

नेपाली अटोमोबाइल क्षेत्रलाई अन्तरराष्ट्रिय स्तरमा चिनाउने लक्ष्य नाडाको हुनुपर्नेमा जोड दिँदै उपराष्ट्रपति यादवले वातावरणमैत्री र प्रविधिमैत्री नेपाल निर्माणका लागि 'चार्जिङ स्टेसन'जस्ता पूर्वाधार विस्तारमा सरकार र निजी हातेमालो गरेर अगाडि बढ्न सुझाव दिए । उपराष्ट्रपति यादवले अटो शोले नेपाली अटोमोबाइल बजारलाई चलायमान बनाएर आन्तरिक उत्पादन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेकाले व्यवसायीको मनोबल बढाउने ढङ्गबाट सरकारले कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

गत वर्ष अटोमोबाइल क्षेत्रबाट राज्यलाई ८१ अर्ब रुपैयाँ राजस्व योगदान गरेको जानकारी दिँदै उनले मुलुकको कूल राजश्वको करिब आठ देखि नौ प्रतिशत हिस्सा ओगट्ने क्षेत्रलाई विलासिताको वस्तुको रूपमा मात्र हेरिनु नहुने धारणा व्यक्त गरे ।

अब आयातमा मात्र भर नपरी स्वदेशमै सवारीसाधन र पार्टपुर्जाको 'एसेम्बलिङ' र उत्पादन सुरु गर्नुपर्ने आवश्यकता औंल्याउदै अध्यक्ष श्रेष्ठले स्वदेशमै उत्पादनमूलक क्षेत्रको विकास गरी युवाका लागि रोजगारी सिर्जना गर्नुपर्ने बताए ।

नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले नेपालमा ठूला प्रदर्शनीका लागि उपयुक्त पूर्वाधारको अभाव रहेको बताए । उनल भने-'मुलुकको जनसंख्या र आर्थिक गतिविधि बढे पनि प्रदर्शनी केन्द्रको विकास हुन सकेको छैन, भृकुटीमण्डपको वर्तमान स्थलले ट्रक, बस र ठूला उपकरण प्रदर्शन गर्न पर्याप्त ठाउँ पुग्दैन, त्यसैले काठमाडौंमा अन्तरराष्ट्रिय स्तरको प्रदर्शनी केन्द्र बनाउनु अहिलेको आवश्यकता हो ।'

अध्यक्ष उप्रेतीले अटोमोबाइल क्षेत्रलाई केबल सवारीसाधनको व्यापारका रूपमा मात्र नहेरी यसको बृहत् आर्थिक प्रभावलाई बुझ्न सरकारसँग आग्रह गरे ।

उनले नेपालमा विद्युतीय सवारीसाधनको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै चार्जिङ पूर्वाधार र नेपालमै 'एसेम्बल' उद्योगको विकासका लागि नीतिगत स्पष्टता र सहुलियत हुनुपर्ने बताए ।

नाडा स्थापना भएको ५० वर्षको अवसरमा 'उद्योगदेखि रोजगार सम्म' भन्ने मूल नाराका साथ सुरु गरिएको उक्त मेला भदौ २४ गतेसम्म चल्ने आयोजकले जनाएको छ ।

# स्याङ्जाको अर्जुनचौपारीमा दुग्ध चिस्यान केन्द्र

**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ अर्जुनचौपारी बजारमा दुध चिस्यान केन्द्र सञ्चालनमा आएको छ । भैँसीपालक किसानलाई आर्थिक रुपमा सबल बनाउने उद्देश्यले जनविकास साना किसान कृषि सहकारी संस्थाको पहलमा चिस्यान केन्द्र सञ्चालनमा ल्याइएको हो ।

गण्डकी प्रदेश कृषि, भूमि व्यवस्था सहकारी मन्त्रालय पशुपन्छी विकास तथा प्रशिक्षण केन्द्र पोखराको ९० प्रतिशत आर्थिक अनुदान सहयोगमा चिस्यान केन्द्र स्थापना गरिएको हो । प्रशिक्षण केन्द्रको चार लाख ७२ हजार पाँच सय रुपैयाँ र सहकारीको ५२ हजार पाँच सय रुपैयाँको साझेदारी लगानीमा गाउँपालिकामै पहिलो पटक चिस्यान केन्द्र सञ्चालन गरिएको छ ।

चिस्यान केन्द्रमा पाँच सय लिटरको मिल्क चिलिङ्ग जडान गरिएको छ भने मिल्क एनलाइजर साथै प्रिन्ट, मिल्क क्यान र सेन्ट्री फ्युट मेशिन जडान गरिएको छ । चिस्यान केन्द्र सञ्चालनको क्रममा गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले चिस्यान केन्द्रमा एक महिनाको अवधीमा स्थानीय किसानले संकलन गर्ने दुधका आधारमा उत्पादनको व्यवस्था गरिने जानकारी दिए ।



सहकारीमार्फत् उन्नत जातका भैँसी खरिदमा लिएको ऋणको व्याजमा गाउँपालिकाले ५० प्रतिशत अनुदान दिँदै आएको छ । प्रदेश तथा स्थानीय सरकारको झण्डै एक करोड लगानीमा गाउँपालिकामै दुग्ध चिस्यान केन्द्रको भवन बने पनि प्रयोगमा आउन सकेको थिएन् । करोडौंको लगानीमा संरचना बने पनि सहकारीको सक्रियतामा पछिल्लो समयमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि स्थानीय दुग्ध उत्पादक किसान उत्साहित भएका छन् ।

दुग्ध चिस्यान केन्द्रलाई डेरीको रुपमा विस्तार गर्नुपर्ने तयारी गरिएको छ । सहकारीले स्थानीय किसानलाई ७ प्रतिशत व्याजदरमा ऋण दिएसँगै अर्जुनचौपारीमा भैँसीपालन गर्नेको संख्या वृद्धि हुँदै गएको सहकारीले जनाएको छ । चिस्यान केन्द्र सञ्चालनमा आएसँगै उत्पादित दुधको सुरक्षा र उचित मूल्य पाउने विश्वास गरिएको सहकारीका अध्यक्ष खडानन्द पौडेलले बताए ।

गाउँपालिकामा दैनिक करिब एक हजार लिटर दुध संकलन हुने अनुमान गरिएको छ । उत्पादित दुधको ठूलो हिस्सा स्थानीय बजारमा खपत हुनेछ भने बाँकी रहेको दुध स्याङ्जा सदरमुकाम, पोखरा निकासी गर्न सकिने सहकारीले जनाएको छ ।

स्थानीय किसानले उत्पादन गर्दै आएको दुधले बजार र उचित मूल्य नपाएको समस्या भोग्दै आएका किसानलाई सहकारीले दूध खरिद बिक्री गरिदिने भएपछि बिक्री वितरणको समस्या हट्ने भएको छ ।

# पोखरा–दुबई उडान दिगो बनाउन पर्यटन व्यवसायीको अग्रसरता

गण्डकी । आगामी असोज ७ (सेप्टेम्बर २३) देखि सुरु हुने पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो बनाउन यहाँका पर्यटन व्यवसायीले चासो र अग्रसरता देखाएका छन् । नेपालका लागि संयुक्त अरब इमिरेटन्स (युएई) का राजदूत अब्दुल्लाह सइद मुबारक जरवान अल शाम्सीसँग भेट गरी व्यवसायीहरूले पोखरा-दुबई नियमित उडानबारे छलफल गरेका हुन् ।

राजदूत अल शाम्सीसँगको भेटमा फ्लाई दुबईले सुरु गर्न लागेको पोखरा-दुबई उडान सेवाको निरन्तरता र दिगोपनाका विषयमा कुराकानी भएको भेटमा सहभागी पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताए । "पोखरा-दुबई उडानलाई कसरी प्रभावकारी र दिगो बनाउन सकिन्छ भन्नेमा हाम्रो मुख्य चासो थियो", उनले भने-"यसका लागि सबै पक्षबाट आवश्यक पहल र सहकार्य अगाडि बढाउने विषयमा छलफल भयो ।"

राजदूत अल शाम्सीसँगको भेटमा नेपाल पर्यटन बोर्डका पूर्वबोर्ड सदस्य वासुदेव त्रिपाठी, होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीलगायत सहभागी थिए । केही समयअघि फ्लाई दुबईका नेपाल प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीबीच पनि पोखरामा सोही विषयमा छलफल भएको थियो । सो अवसरमा पोखरा-दुबई उडानलाई स्थायित्व दिन स्थानीयवासी र सरोकार भएका सबै पक्षको सहयोग महत्त्वपूर्ण हुनेमा जोड दिइएको थियो ।

यो उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वाका २५० भन्दा बढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत जेठमा फ्लाई दुबईलाई दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो । यसबिचमा फ्लाई दुबईले उडान तालिम सार्वजनिक गरिसकेको छ । सुरुमा एक महनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाई दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ ।

सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको थियो ।

विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्नेछ । सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।

सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु संख्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो ।

पोखरा-दुबई उडानबाट पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधै पोखरा आउन सक्नेछन् । वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पनि यो उडान सेवा लाभदायी हुने देखिएको छ ।

विश्वकै व्यस्त र महत्त्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तर्राष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने जनाइएको छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थल नेपालको तेस्रो अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वारका रहेको छ । काठमाडौं केन्द्रित रहेको हवाई चापलाई विकेन्द्रीकरणसँगै पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनुपर्ने आवाज उठ्दै आएको छ ।

# सुकुम्वासी व्यवस्थापन गर्ने प्रतिबद्धतासँगै विस्थापित परिवारमा खुसियाली

नेपालगञ्ज (बाँके) । कोहलपुर नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्ने क्रममा विस्थापित ७५१ घरपरिवारको वर्गीकरण गरी आवश्यक व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरेसँगै उनीहरूमा खुसी छाएको छ ।

स्थानीय नगरविकास समितिको स्वामित्वमा रहेको जग्गा खाली गराउने क्रममा गत बैशाख २६ गते विस्थापित भएका घरपरिवारको वास्तविक अवस्था बुझी व्यवस्थापन गर्ने प्रतिबद्धता आएसँगै उनीहरूमा खुसी छाएको हो ।

व्यवस्थापनका क्रममा नगरपालिका र विस्थापितहरुको संयुक्त टोलीले तयार गर्ने सत्यतथ्यसहितको प्रतिवेदनका आधारमा वास्तविक भूमिहिन सुकुम्वासी एवं भूमिहिन परिवारको पहिचान गरी १० दिनभित्र व्यवस्थापन गर्ने प्रक्रियाअघि बढेको अवस्थामा विस्थापित परिवारजनमा खुसी छाएको हो । यसै सन्दर्भमा वास्तविक भूमिहिन सुकुमवासीको अन्तिम सूची तयार गर्ने सहमति भएको वार्ता टोलीको संयोजक तथा कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्यले जानकारी दिए । व्यवस्थापनका क्रममा सो नगरपालिकाले विस्थापित परिवारको पहिचानसहित वर्गीकरण गरी अत्यन्त विपन्न र सङ्कटमा रहेका परिवारलाई अल्पकालीन रूपमा सहयोग गर्ने तयारीसमेत गरेको छ ।

नगरप्रमुख आचार्यका अनुसार गत बैशाख २६ र २८ गते अतिक्रमित जग्गा खाली गराउने क्रममा ७५१ घरपरिवार विस्थापित भएका र स्थानीय सरकारको कार्य क्षेत्रभित्र रही विस्थापित परिवारको व्यवस्थापन गर्ने प्रक्रिया अघि बढेको छ ।

स्थानीय सरकारले विभिन्न बाधा-अड्चनका बीच करिब चार महिनाको समयावधिमा पनि उचित व्यवस्थापन गर्न नसक्दा विस्थापितमध्येका केही परिवार पुनः त्रिपाल टाँगेर पुरानै ठाउँमा बस्न थालेपछि समस्या जटिल बनेको उनले बताए ।

"नगरविकास समितिको अतिक्रमित जग्गा खाली गराएपछि त्यहाँ बसोबास गर्दै आएका वास्तविक भूमिहिन सुकुमवासी र वास्तविक भूमिहिन दलितको उचित व्यवस्थापनका लागि स्थानीय सरकारको कार्यक्षेत्रभित्रका विषयमा सहजीकरण गर्दै आएका छौं," उनले भने-"कार्य क्षेत्रभन्दा बाहिरका विषय सङ्घीय सरकार र राष्ट्रिय भूमि आयोगमार्फत सम्बोधन हुनुपर्ने देखिन्छ ।"

सुकुम्वासी सङ्घर्ष समितिका संयोजक वीरबहादुर परियारले नगरपालिकासँग भएको छलफल सकारात्मक रहेको र नगरप्रमुखले प्रतिबद्धता व्यक्त गरेको अवस्थामा आफूहरू आशावादी रहेको बताए । "विस्थापित परिवारलाई व्यवस्थापन गर्ने क्रममा भएको छलफल अत्यन्तै सकारात्मक रह्यो । नगरपालिकाले १० दिनभित्र व्यवस्थापन प्रक्रियामा ठोस प्रगति गर्ने र बढीमा १५ दिनभित्र सुकुमवासीको समस्या समाधान गर्ने गरी प्रतिबद्धता जनाएको छ । त्यसैले हामी समाधान हुने विषयमा विश्वस्त भएका छौं ।"-उनले भने । कोहलपुर नगरपालिकाले सङ्घर्ष समितिसँगको सहकार्यमा व्यवस्थापन प्रक्रियालाई समयबद्ध रूपमा अघि बढाउने र तार्किक निष्कर्षमा पुर्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

**निजी** ...

भदौ २३ र २४ गतेको आन्दोलन र त्यसको क्षतिपछि लगानी पुरानो लयमा फर्किन सकेको छैन । साउनमा नै २४ अर्बको प्रतिबद्धता स्वीकृत हुँदा सो वर्षभरी नै सो बराबरको लगानी नआएको विभागको तथ्यांकले देखाउँछ ।

नयाँ सरकार आए पनि राजनीतिक स्थायित्वसँगै आर्थिक विकासमा नयाँ नीति अवलम्बन गर्ने आशंकाबिच लगानीमा अपेक्षित वृद्धि हुन नसकेको हो । विभागका अनुसार चैत, वैशाख र जेठमा पनि अपेक्षित लगानी नआए पनि असारमा भने १० अर्बको प्रतिबद्धता आएको देखिन्छ ।

आ.व २०८३/८४ को साउनमा ३ अर्ब ७७ करोडको प्रतिबद्धता आएको छ। यो गत आवको साउनमा भित्रिएको लगानी भन्दा २१ अर्बले कम हो । विभागका महानिर्देशक जितेन्द्र बस्नेत जेनजी आन्दोलन र त्यसपछिको राजनीतिक उतारचढावले लगानी प्रतिबद्धता खस्किएको बताउँछन् ।

व्यवसायीहरू लगानी जोखिमलाई लिएर सुरक्षित महसुस नगर्दा त्यसको असर बैंकमा पनि पर्न थालेको बैंकहरु बताउँछन् ।

कर्जाको माग घट्दा तरलता थुप्रिएर बैंकको ब्याजदर ६ प्रतिशतको हाराहारीमा आइपुगेको छ । यो पछिल्लो डेढदशक यताकै न्यून हो । ब्याज घट्दा निजीक्षेत्रमा कर्जाको माग बढ्ने गर्छ, तर डेढ दशककै न्यून विन्दुमा आइपुगेको ब्याजमा पनि कर्जाको माग नआएको तथ्यांकले देखाउँछ । कर्जाको ठूलो हिस्सा ओगटेको निजी क्षेत्रबाट नै माग नआएपछि बैंकहरुमा मात्रै १३ खर्ब ५८ अर्ब बराबरको तरलता थुप्रिएको छ ।

नेपाल राष्ट्रबैंकका अनुसार गत आ.वको ११ महिनामा ३ खर्ब ४० अर्ब मात्रै कर्जा प्रवाह भएको छ । जुन अघिल्लो वर्षको तुलनामा कम हो । अघिल्लो आवमा बैंकहरुबाट ४ खर्ब ७ अर्ब ऋण परिचालन भएको थियो । यसअघि नेपाल बैंकर्स संघले पत्रकार सम्मेलन गरेरै सरकारले जथाभाबी धरपकड गर्दा त्यसको नकारात्मक प्रभाव कर्जाको मागमा परेको बताएको थियो ।

महासंघका अध्यक्ष श्रेष्ठले सरकारले व्यवसायीहरूलाई फौजदारी अपराध जसरी धरपकड गर्दा अल्पकालीनसँगै दीर्घकालीन लगानी संकुचित हुन पुगेको बताए । सरकार व्यवसायी तर्साएर अर्थतन्त्र उकास्न लागिपरेको उनको धारणा छ । 'अर्बौं रकम लगानी गरिरहेको व्यवसायी आजै भोली भागिहाल्छ भनेर हतारमा पक्राउ गरेर थुन्ने प्रवृत्तिले निजी क्षेत्रको आत्मविश्वास घटाएको छ ।'-उनले भने ।

श्रेष्ठले व्यवसायीमाथि भएको धरपकड र निजी क्षेत्रलाई ठगको रूपमा चित्रित गर्ने कामले लगानीको वातावरण बिग्रँदै गएकोमा चिन्ता व्यक्त गरे । उनी निजीक्षेत्रको आत्मविश्वास बढाउने, नीतिगत स्थिरता, राजनीतिक स्थिरता नल्याएसम्म लगानीको वातावरण नसुध्रिने बताउँछन् ।

अर्थशास्त्री डा.रेशम थापा सरकार र निजीक्षेत्रबीचको सम्बन्धका कारण पुँजी पलायनको खतरा बढेको बताउँछन् । 'ठूला करदाताहरूमध्ये आधा भन्दा बढी यो देशमा लगानी गर्न डराई रहेका छन् भन्ने अनौपचारिक कुराहरू सुनिन्छ तर खुलेर निजीक्षेत्र र सरकारले नबोले पनि यही नै हो यथार्थ हो ।'- उनले भने ।

निजीक्षेत्रलाई विशेषगरी कर तिरेको आधारमा, लगानी गरेको आधारमा र क्षेत्रका आधारमा वर्गीकरण गरेर सरकारले सोही अनुसारका नीतिहरू बनाउने गर्छ । हाल सरकारले राजस्व उठाउने तथा सम्पत्ति शुद्धीकरणको नाममा निजी क्षेत्रलाई कडाइ गरिरहेको छ । डा.थापा अनुशासन पालना गर्ने नाममा कडाइ मात्रै गरेर निजीक्षेत्रसँग स्पष्ट संवाद नगर्दा सम्बन्ध चिसिएको तर्क गर्छन् ।

'राज्यले कर नउठ्दा कर चोरी भयो की भन्ने आशंका गरिरहेको देखिन्छ भने निजीक्षेत्र पनि कहीं न कहीं कर छलीको विषय तथा कर प्रशासनका कमजोरी भन्नुको सट्टा तर्किन खोजेको देखिन्छ । यसले थप समस्या सिर्जना गर्दैछ ।'- उनले भने । वर्तमान सरकारले ल्याएको मौद्रिक नीति र वित्त नीति प्रभावकारी नबन्दा भविष्यमा पुँजी अनौपचारिक रूपमै पलायन भइरहने जोखिम बढेको थापा बताउँछन् ।

नेपालको अर्थतन्त्रमा २६ देखि २८ दिनमा मौद्रिक नीतिको असर देखिन्छ भने आर्थिक नीतिको ३ महिनामा प्रभाव देखिन्छ, हाल मौद्रिक नीतिले पनि प्रभाव छोड्न सकेको छैन । सरकारले संभावित पुँजी पलायन रोक्नेसँगै व्यावसायिक वातावरण तयार गर्न ढिलो गर्न नहुने व्यवसायीको तर्क छ ।

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/१०

कपिलवस्तु डिभिजन वन कार्याल कपलिवस्तु (कपलिवस्तु)को च.न.४५१ मिति २०८३/०५/०५ गतेको लिलाम सहमतिअनुसार यस श्री सिद्देश्वरी सामुदायिक वन उपभोक्ता समूह बुद्धभूमि न.पा.-४,कपलिवस्तुको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको सागवान, खयर, इपिलइपलि, सिमल, सिरिश जातको बाह्यतर्फ लिलामका लागि जम्मा ११७५ थानको २६८४.९६ घनफिट गरी काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलवन्दी लिलाम बढाबढ प्रकृयाद्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम दर्ता भएका ईच्छुक संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिद्देश्वरी सामुदायिक वन उपभोक्ता समूह**
बुद्धभूमि नगरपालिका-४, कपिलवस्तु

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ड्रागन फ्रुट खेतीः**

दाङको घोराही उप-महानगरपालिका-१८ अखबरेस्थित डानी दङाली ड्रागन फार्ममा ढकमक्क फुलेका ड्रागन फ्रुटका फूल। रुकुम पूर्वको तकसेराका दिलचन बुढा र दुर्गाबहादुर बुढाले दुई बिघा जमिन भाडामा लिएर विगत छ वर्षदेखि व्यावसायिक रूपमा ड्रागन फ्रुट खेती गर्दै आएका छन्। तस्विरः रासस

# बाउन्नकोटी वनको रजत महोत्सवमा विभिन्न कार्यक्रम गरिँदै




तिलोत्तमा । तिलोत्तमाको बाउन्नकोटी सामुदायिक वन उपभोक्ता समूहले आफ्नो २५औँ वार्षिकोत्सव तथा रजत महोत्सव विविध कार्यक्रमसहित मनाउने भएको छ । वन संरक्षणसँगै सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण, स्वास्थ्य, खेलकुद तथा समुदायबिचको सम्बन्ध थप मजबुत बनाउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो ।

समूहले आगामी भदौ ८ गते आइतबार बाउन्नकोटी सामुदायिक वनको प्राङ्गणमा मूल समारोह आयोजना गर्ने जनाएको छ। मूल समारोह बिहान १० बजेदेखि सुरु हुनेछ।

महोत्सवअन्तर्गत पत्रकार सम्मेलन, वृक्षरोपण, अन्तरक्रिया, आँखा शिविर, साइकल दौड, वक्तृत्वकला प्रतियोगिता, आश्रममा भोजन, तीजगीत प्रतियोगिता र भलिबल प्रतियोगितालगायतका कार्यक्रम तय गरिएको छ । कार्यक्रम संयोजक श्यामप्रसाद बस्यालका अनुसार महोत्सवलाई औपचारिक समारोहमा मात्र सीमित नगरी समुदायका विभिन्न वर्गलाई सहभागी गराउने गरी कार्यक्रम तयार गरिएको छ ।

“२५ वर्षको यात्रालाई स्मरण गर्दै वन संरक्षण र सामुदायिक हितका कामलाई अझ प्रभावकारी बनाउने उद्देश्यले रजत महोत्सव आयोजना गरेका हौँ । विभिन्न कार्यक्रममार्फत उपभोक्ता तथा स्थानीय समुदायको सहभागिता बढाउने हाम्रो लक्ष्य छ ।”-संयोजक बस्यालले भने ।

महोत्सवअन्तर्गत भदौ १० गते वृक्षरोपण र भदौ १४ गते अन्तरक्रिया कार्यक्रम हुनेछ । त्यस्तै भदौ १६ गते बिहान आँखा शिविर आयोजना गरिने आयोजकले जनाएको छ ।

भदौ २० गते साइकल दौड तथा २३ गते वक्तृत्वकला प्रतियोगिता आयोजना हुनेछ । भदौ २४ गते आश्रममा भोजन कार्यक्रम, २५ गते तीजगीत प्रतियोगिता र असोज १ गते भलिबल प्रतियोगिता आयोजना गरिनेछ ।

समूहका अध्यक्ष ताराप्रसाद छन्त्यालले २५ वर्षको संस्थागत यात्रालाई समुदायसँग जोडेर मनाउन लागिएको बताए । छन्त्यालले वनभित्र रहेको नन्द भाउजु ताल, पिक्निक स्पट, बाल उद्यानलाई विशेष व्यवस्थापन गर्ने गरी वन समुह लागेकोमा समेत कार्यक्रममा जोड दिए ।

“बाउन्नकोटी सामुदायिक वन उपभोक्ताको साझा सम्पत्ति हो । २५ वर्षको अवधिमा संरक्षण र व्यवस्थापनमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै आगामी दिनमा वन संरक्षणसँगै समुदायको सामाजिक तथा आर्थिक हितमा थप काम गर्ने हाम्रो प्रतिबद्धता छ ।”-अध्यक्ष छन्त्यालले भने ।

आयोजकका अनुसार महोत्सवले वन संरक्षणप्रति स्थानीय समुदायको अपनत्व बढाउनुका साथै स्वास्थ्य, खेलकुद, वातावरण र सामाजिक सेवाका क्षेत्रमा सामुदायिक वनको भूमिका स्थापित गर्ने अपेक्षा गरिएको छ । वनका उपाध्यक्ष लक्ष्मण भट्टराईले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन सचिव दुर्गीकुमारी रानाले गरेकी थिइन् ।

# अभिभावक-बालबालिका बाह्य सिकाइ कार्यक्रम

गुल्मी । गुल्मीको सत्यवती गाउँपालिका वडा नं. ३ स्थित ठूलो लुम्पेकमा अभिभावक-बालबालिका बाह्य सिकाइ कार्यक्रम तथा ‘बालबालिकाको सिकाइ र रैथाने परिकारको पुनरागमन’ कार्यक्रम शुक्रबार सम्पन्न भएको छ । धर्मपुर प्राथमिक विद्यालय र Jigyasha School Transformation Partnership को संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो ।

बालबालिका, अभिभावक र शिक्षकबिचको सम्बन्धलाई थप सुदृढ बनाउँदै कक्षाकोठाभन्दा बाहिर पनि सिकाइका अवसर सिर्जना गर्ने, स्थानीय संस्कृति, सहकार्य र व्यवहारिक सिकाइलाई प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रशिक्षक पासाङ्ग सिंजालीले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि तथा आदिवासी जनजाति महासंघ, समन्वय परिषद् गुल्मीका अध्यक्ष मुक्तिप्रसाद श्रेष्ठले बालबालिकाको सिकाइ कक्षाकोठामा मात्र सीमित हुन नहुने बताए । उनले अभिभावक, शिक्षक र बालबालिकाबिचको सकारात्मक सम्बन्धले सिकाइलाई प्रभावकारी बनाउने भन्दै स्थानीय स्रोत, संस्कृति र परिवेशलाई प्रयोग गरेर पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने धारणा व्यक्त गरे । प्रमुख अतिथि श्रेष्ठले बालबालिकालाई आत्मविश्वासी, सिर्जनशील र व्यवहारिक बनाउन विद्यालय, परिवार र समुदायले अनुकूल वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए ।

धर्मपुर माध्यमिक विद्यालयका प्रधानाध्यापक बलबहादुर राहादीले बालबालिकाको सिकाइलाई कक्षाकोठाभित्र मात्र सीमित नराखी व्यवहार र दैनिक जीवनसँग जोड्न आवश्यक रहेको बताए। प्रधानध्यापक राहादीले अभिभावक, शिक्षक र समुदायको सहकार्यबाट बालबालिकाले स्थानीय परिवेशमै धेरै कुरा सिक्न सक्ने भएकोले यस्ता कार्यक्रमले बालबालिकामा आत्मविश्वास, सिर्जनशीलता र सहकार्यको भावना विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउँने विश्वास व्यक्त गरेका थिए ।

यसैगरी अध्येता तथा लेखक खोमा तरामु मगरले रैथाने परिकार हाम्रो संस्कृति, पहिचान र पुर्खाको ज्ञानसँग जोडिएको उल्लेख गर्दै पछिल्लो समय हराउँदै गएका स्थानीय खानाका परिकारलाई नयाँ पुस्तासम्म पुऱ्याउन यस्ता कार्यक्रम उपयोगी हुन बताए । बालबालिकालाई स्थानीय खाद्य संस्कृति, यसको महत्व र परम्परागत ज्ञानसँग जोड्दै रैथाने परिकारको संरक्षण र पुनरागमनमा सबैले भूमिका खेल्नमा अभिभावकको अहम भूमिका रहने कुरा लेखक तरामु मगरले उल्लेख गरे ।

कार्यक्रममा बालमैत्री सिकाई केन्द्रका अभिभावक बेल बहादुर थापाले कार्यक्रममा स्थानीय स्रोत र सीपको प्रयोगबाट तयार गरिएका रैथाने खाना तथा परिकार र उत्पादनबारे जानकारी दिए । अभिभावक थापाले स्थानीय रुपमा उत्पादन हुने रैथाने परिकार स्वास्थ्य, संस्कृति र स्थानीय अर्थतन्त्रसँग पनि जोडिने भएकोले स्थानीय उत्पादनको प्रयोग र प्रवर्द्धन गर्न सके गाउँमै रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्ने शिक्षा प्रति बालबालिकाहरुमा बढी केन्द्रित गराउनु पर्नेमा जोड दिए ।

कार्यक्रममा मन्टेश्वरी प्रशिक्षक पासाङ्ग सिंजालीले कक्षा कोठा भित्रको सिकाईलाई व्यबहारिक ज्ञानसंग जोड्न बाह्य सिकाई कार्यक्रम निकै प्रभावकारी हुने विचार उल्लेख गरे । बालबालिकाको शिक्षा र समग्र विकासका लागि यस्ता सिर्जनात्मक तथा व्यवहारिक कार्यक्रम महत्वपूर्ण रहने उल्लेख गर्दै प्रशिक्षक सिंजालीले विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनमा कार्यक्रम अझ प्रभावकारी बन्ने बताए ।

कार्यक्रमको स्वागत तथा औचित्यमाथि प्रकाश पार्दै धर्मपुर माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष अर्जुन तरामु मगरले बालबालिकाको सिकाइलाई जीवनोपयोगी र व्यवहारिक बनाउन विद्यालय, परिवार तथा समुदायको संयुक्त प्रयास आवश्यक रहेको बताए । बालबालिकाको सिकाइलाई जीवन र समुदायसँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उल्लेख गदै विद्यालयले मात्र नभई अभिभावक र समुदायले पनि बालबालिकाको सिकाइमा भूमिका निर्वाह गर्नु पर्नेमा अध्यक्ष तरामु मगरले जोड दिए ।

ठूलो लुम्पेकको ऐतिहासिक हचिनकोट दरवार क्षेत्रमा भएको कार्यक्रममा शिक्षक, अभिभावक, बालबालिका तथा स्थानीय समुदायका प्रतिनिधिको सहभागिता रहेको कार्यक्रममा स्थानीय संस्कृति, रैथाने परिकार र व्यवहारिक ज्ञानलाई शिक्षासँग जोड्दा बालबालिकाको सिकाइ थप प्रभावकारी, सिर्जनात्मक र जीवनोपयोगी बन्न सक्ने स्थानीय अभिभावकहरुले अपेक्षा गरेका छन् ।

धर्मपुर माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष अर्जुन तरामु मगरको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक प्रदिपा थापाले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुलाई विभिन्न जाती तथा समुदायको भेषभूषामा सहभागी बनाई विविधतामा एकताको सन्देश समेत प्रवाह गरिएको थियो ।

# शिक्षकलाई एस क्यू सी सहजकर्ता सीप विकास तालिम



तिलोत्तमा । एसक्यूसी सिद्धार्थ हबको आयोजनामा विद्यालय तहका शिक्षकहरूका लागि आयोजित एसक्यूसी सहजकर्ता सीप विकास तालिम सम्पन्न भएको छ ।

विद्यार्थीहरूमा गुणस्तरीय व्यक्तित्व र सकारात्मक सोंच अभिवृद्धि गराउने उद्देश्यले सञ्चालित विद्यार्थी गुणीय चक्रसम्बन्धी शिक्षकहरूको ज्ञान सीप अभिवृद्धि गराउन यो कार्यक्रम आयोजना गरिएको हो ।

तीन दिनसम्म सञ्चालन गरिएको तालिममा क्वेस्ट नेपालका सल्लाहकार तथा प्रमुख प्रशिक्षक दिपक गौतम, मास्टर ट्रेनरहरु, ध्रुव खरेल, मिलन भण्डारी, रविराज काफ्ले, प्रभात के.सी., सुर्य पौडेल, चक्रपाणी बस्यालले सहजीकरण गरेका थिए ।

तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य रवि सेन्चुरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उनले तालिममा सिकेका सीप र अवधारणालाई आ-आफ्नो विद्यालयमा सफलतापूर्वक लागू गर्न आग्रह गर्दै शुभकामना व्यक्त गरे ।

समापन सत्रमा क्वेस्ट नेपालका सल्लाहकार दिपक गौतम, सिद्धार्थ हवका सल्लाहकार कुलप्रसाद लामिछानेले सहभागीहरुलाई सफलताको शुभकामना दिएका थिए ।

सिद्धार्थ हबका अध्यक्ष प्रकाश चापागाईंको अध्यक्षता तथा शिक्षक दिनेश खड्काको सञ्चालनमा भएको कार्यक्रममा सहभागी शिक्षकहरूका तर्फबाट उदयराज बस्याल र मिठु खनाल आचार्यले आफ्नो अनुभव राखेका थिए । उनीहरूले तालिमले कक्षाकोठामा विद्यार्थीहरूको नेतृत्व क्षमता र अनुशासन अभिवृद्धि गर्न व्यावहारिक मार्गदर्शन प्रदान गर्ने विचार व्यक्त गरेका थिए ।

कार्यक्रममा सहभागी शिक्षकहरूलाई प्रमाणपत्र र ब्याच समेत वितरण गरिएको थियो । तालिममा रुपन्देही, नवलपरासी र पाल्पाका गरी ३५ जना शिक्षकहरु सहभागी भएका थिए ।

# एमाले पार्टी सदस्यता नवीकरण निराशाजनक

बुटवल । नेकपा एमाले पुनर्गठन सुझाव संकलन कार्यदलले पार्टी सदस्यता नवीकरणको स्थिति निराशाजनक रहेको निष्कर्ष निकालेको छ ।

महासचिव शंकर पोखरेलले तयार पारेको प्रतिवेदनमा चुनावी पराजय पछि नेता तथा कार्यकर्तामा चरम निराशा रहेको उल्लेख छ । ‘भदौ २३ र २४ को घटनाले रक्षात्मक बनेको पार्टीपंक्ति निर्वाचनमा भएको गम्भीर पराजयबाट चरम निराश बनेको छ ।’- प्रतिवेदनमा भनिएको छ ।

पार्टी सदस्यहरुको निष्क्रियता बढेको, पलायनको प्रवृत्ति देखिएको र यथास्थितिबाट बाहिर निक्लन नयाँ ढंगले बढ्न सुझाव दिने प्रवृत्ति रहेको प्रतिवेदनमा उल्लेख छ ।

‘यथास्थितिबाट बाहिर निक्लन पार्टीले नयाँ ढंगले अघि बढोस् भन्ने तीव्र चाहना राखिरहेको छ ।’- प्रतिवेदनमा भनिएको छ ।

चुनावी पराजयपछि सदस्यता नवीकरणमा उदासिनता, पार्टी काममा शिथिलता, प्रतिरोधी क्षमतामा ह्रास र दोहोरो चरित्र देखाउने समस्या देखिएको पोखरेलले प्रतिवेदनमा लेखेका छन् ।

सदस्यहरुले यथास्थितिमा सदस्यता नवीकरण गर्न नमानेको तर्क पनि राखिएको छ । ‘आम निर्वाचन पछि शुरु भएको पार्टी सदस्यता नवीकरणको काम अत्यन्तै सुस्त र कमजोर छ । कतिपय सम्पर्कमै आउन नचाहने र कतिपयले यथास्थितिमा नवीकरण नगर्ने सोंच बनाएको पाइन्छ ।’- प्रतिवेदनमा भनिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिद्धार्थनगर, रुपन्देही

मितिः २०८३/०५/०८
ने.सं.:- ११४६

**विषयः** प्रमाणित सम्बन्धमा ।

श्री जो जससँग सम्बन्ध छ।

जिल्ला रुपन्देही कञ्चन गाउँपालिका वडा नं. ०४ बस्ने भिम कुमार काउचाले आफु भारतीय भू.पु. सैनिक नं. 5040100H रेङ्क हवल्दार रेजिमेन्ट 1GR को पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भिम कुमार काउचा र निजको पेन्सन अभिलेखमा नामथर भिम कुमार थापा उल्लेख भएको साथै निजको पत्नीले प्राप्त गरेको नागरिकता प्रमाणपत्रमा नामथर रम्भा मगर्नी र जन्ममिति वि.सं. २०१५/१२/२५ (ई.सं. १९५९-०४-०७) र पेन्सन अभिलेखमा पत्नीको नामथर रमा देवी र जन्ममिति ई.सं. १९५९-०६-२३ उल्लेख भई आफु र आफ्नो पत्नीको नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित कञ्चन गाउँपालिका ०४ नं. वडा कार्यालयको च.नं. २६६ मिति २०८३/०५/०५ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ।



विश्व प्रकाश अर्याल
प्रमुख जिल्ला अधिकारी

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com